श्री

# बारा जिल्ला अदालत

## वार्ता द्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मिति २०७३/०९/०७**

निम्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७२।३।७ मा प्रथमपटक र मिति २०७२।४।१०मा दोस्रोपटक सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरु लिलाम सकार गर्न नआएकोले उक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क को उपनियम (१०) र ऐ. को नियम ९०ख को उपनियम (५) अनुसार कानुनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ता द्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| सि.नं. | सवारी साधन | मोडेल/ई.न./ च्या नं. | न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | ना.३ख ६३८० नं. को ट्रक | मोडेलः-PT 1109/36EXHD (2008) टाटा मोर्टस<br>ईन्जिन नं. ४९७TC९३MSZZB०४१८<br>च्यासिस नं. ४१६४०३MSZ७४९११५ | रु ४,६५,०००।- | दर्ता हुने |
| २. | बा.१ख २७५१ को ट्रक कन्टेनर | मोडेलः- 1984<br>ईन्जिन नं. ३५२९६४१०१५८७७३<br>च्यासिस नं. ३५२०५३१०९२८९७५ | रु २,७५,०००।- | स्क्राप हुने |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७३ साल पुस २१ गते दिउसो २.०० बजे देखि ४.०० बजे सम्म यस अदालतको तहसिल शाखा ।
२. वार्तमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।९।२१ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ ।
३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।
४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बिच लिलाम बढाबढको प्रक्रिया अपनाईने छ । सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी सामानहरु बिक्री गरिने छ ।
५. वार्ता (लिलाम) मा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । वार्ता (लिलाम) सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।
६. अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानुन बमोजिम हुने छ ।
७. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

तहसिलदार